नमो रत्न त्रयाय ॥

बुद्ध, धर्म्म, संघ,

को गुण बर्णन ॥

लेखक—श्री महाप्रज्ञा भिक्षु

श्री शेषमणि प्रधानले
मणि प्रेस कालिम्पोंगमा
छापियो ।

प्रथम संस्करण
१००० प्रति
मूल्य यथा शक्ति धर्म चन्दा

प्रकाशक:—
नेपाली बौद्ध संघ ।

KALIMPONG

निवेदन

श्री भगवान् बुद्धले धर्म्मोपदेश पालि भाषाले गर्नु हुन्थ्यो । तेस्कारणले बुद्ध भगवान्‌को सिद्धान्त-सार धर्म्म पालि भाषाको ग्रन्थमा प्रतिष्ठित भै रहेको छ ॥ वर्त्तमान समयमा पनि त्यै पालि भाषाको तृपीतक नामले लंका हरफ्, बर्मा हरफ्, स्यामी हरफ्, बंगला हरफ्, अङ्गरेजि हरफ्‌ले, प्रसिद्ध भयेको छ ॥ त्येहि पालि भाषाको मुताबिक धर्म्म न जान्ने सम्म बुद्धोपदेशित सार धर्म्म जान्नु असम्भव छ ॥ तेस्कारण हाम्रा बौद्धहरूले पनि, सबैले आफ्नु २ हरफ् बाट तृपीतक बनाई बौद्ध धर्म्मको उन्नति गरि, आफ्नु लागी कर्म सुधार गरि कन सुखानन्द लुटी रहेका छन्। हामिहरू मात्रै अलसी भै सुति रहेका हुनाले, बौद्ध धर्म्मको मर्म न जानि, भूलमा परि रहेकाहरूलाई सुधार गर्नाको लागी, पालिभाषा—तृपीतकको उन्नति गर्नुलाई जाग्रित हुनु पर्ने आवश्यक छ ॥ यथार्थ ज्ञान लाभ प्राप्त भयेकोलाई बुद्ध भन्दछन् । तेस्कारण बौद्ध धर्म्म भनेको कोई मत् मतान्तरहरूले बिभेद गर्नु योग्य छैन। सबैलाई आवश्यक भै रहेको छ ॥ आफैले पालि ग्रन्थ अध्ययन गरि हेर्‍यो भन्ने जस्ले भयेता पनि यो धर्म्म छोड्ने छैन ।

—ग्रन्थ कर्ता ।

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ॥

इतिपी सोभगवा अरहं सम्मासम्बुद्धो विज्जाचरण सम्पन्नो सुगतो लोकविदु अनुत्तरो पुरिस दम्म सारथी सत्था देव मनुस्सानं बुद्धो भगवाति ॥

स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको अकालिको एहि-पस्सीको ओपनयीको पच्चत्तं वेदितब्बो विञ्ञुहीति ॥

सुपतिपन्नो भगवतो सावक संघो, उजुपतिपन्नो भगवतो सावक संघो, ञाय पति पन्नो भगवतो सावकसंघो, सामीचि पति-पन्नो भगवतो सावक संघो, यदिदंचत्तारि पुरिस युगानी अट्ठ-पुरिस पुग्गला एस भगवतो सावक संघो, आहुनेयो, पाहुनेयो, दक्खिनेयो, अञ्जलीकरणीयो, अनुत्तरं पुण्यक्खेत्तं लोकस्साति ॥

पालि भाषाको अनुवाद गोरखाली भाषा ॥

१ **सो भगवा अरहं**—उनी भगवान् बुद्ध अरहन्त अर्थात् अनात्म भाव प्राप्त भै सकल ब्रह्मदेव मनुष्यहरूले गरेका पूजा सत्कारलाई ग्रहण गर्नु योग्य भै बक्सेको ॥

२ **सम्मासम्बुद्धो**—चतुरार्य्य सत्य (=दुक्ख आर्य्य सत्य, दुःख समुदय आर्य्य सत्य, दुक्ख निरोध आर्य्य सत्य, दुक्ख निरोध गामिनी पति पदा आर्य्य सत्य)= (यो संसारमा महान दुःख भयेको सत्य हो ॥ यो दुःखको कारण तृष्णा सत्य हो ॥ दुःख निरोध (=निर्वाण) पनि सत्य छ ॥ यो दुःखको निरोध हुने उपाय पनि सत्य छ) ॥ भनि यी ४ प्रकारका ज्ञान, गुरु बिना स्वयम् ज्ञात भई बक्सेको ।

३ **विज्जा चरण सम्पन्नो**—विद्या चरण सम्पूर्ण= प्रत्युत्समुत्पाद=अर्थात् संसार चक्रमा घुमाउने हेतु जो छ त्यो हेतुलाई बिनाश हुने आचरणले सम्पूर्ण भै बक्सेको ॥

४ **सुगतो**—सुपथगामी=पाप र पुण्य दुवैलाई यथार्थ गरि जानी, मध्यम मार्ग अनुसार निर्वाणको मार्गमा गमन गरिबक्सेको ॥

५ लोक विदु—तृलोकको स्वभाव तत्त्वलाई जानि बक्सेको ॥

६ अनुत्तरो—उनी भगवान् बुद्धको समान आर्को हुनु असम्भव छ ॥

७ पुरिस दम्म सारथी—लोक जनहरूलाई ज्ञान द्वारा दमन गर्नुको लागी सारथी (=सवार) भै बक्सेको ॥ अर्थात्—जस्तो घोड़ालाई दमनार्थ मुखमा लगाम दीकन चाबुकले हिर्काई दमन गर्दछ, तस्तै भगवान् बुद्धले पनि, लोकजनलाई शीलरूपी लगाम दीकन, चाबुकले हिर्कायेको जस्तो संसार चक्र-को दुःख देखाई दमन गरी निर्वाण मार्गमा लैजानलाई सवार जस्तो भै बक्सेको ॥

८ सत्था देव मनुस्सानं—देवता र मनुष्यहरूको आचार्य्य (=गुरु) भै बक्सेको ॥

९ बुद्धो भगवाति—स्वयम् सर्बज्ञत्व प्राप्त गरि बक्सेको हुनाले बुद्ध भन्दछ, संसार चक्रमा फँसाउने राग द्वेष मोह जो छ तेस्लाई विनाश गरिबक्सेको हुनाले, 'भगवान्' भन्दछ ॥

इतिपी—इत्यादि गुणले परिपूर्ण भै बक्सेको ॥ भनि भगवान् बुद्धको इनै नौ वटा गुण मनमा राखि बुद्ध बन्दनादि पूजा भाव सेवा गर्नु महत्फल दायक हुनेछ ॥

१ स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको—राम्रो गरि बुझने गरि उपदेश गर्नु भयेको भगवान्को धर्म्म, आफैले बिचार गरि हेर्नु पर्ने ॥

२ अकालिको—उपदेशानुसार आचरण गर्नेलाई तुरन्तै फल प्राप्त हुने ॥

३ एहिपस्सीको—आईकन हेर्नु, अथवा आऊ हेर भनि डाकि देखाउनुलाई योग्य भयेको धर्म्म ॥

४ ओपनयीको—यही धर्म्मले निर्वाण सम्म पुर्‍याई दिनेछन् ॥

५ पच्चत्तं वेदितब्बो—आफु आफैले आचरण द्वारा अनुभव गरि ज्ञात हुनु पर्ने धर्म्म ॥ अर्थात् सुनेको शब्द द्वारा स्वाद पाउने छैन आफ़ैले खाइ हेरे मात्र स्वाद बुझिन्छ भनि जान्नु ॥

६ विञ्ञुहोति—विज्ञद्वारा मात्र बुझने धर्म्म ॥ अर्थात् विचारवान्ले मात्र बुझनुलाई सुबिधा हुन्छ भनि यी छ वटा धर्म्मको गुण मनमा राखि धर्म्माचरण गर्‍यो भने महत्फल प्राप्त हुनेछ ॥

१ सुपतिपन्नो भगवतो सावक संघो—भगवान् बुद्धका शिष्य भिक्षुसंघहरू सुमार्ग गामी ॥ अर्थात् चित्तलाई कुमार्ग बाट हटाई कन, सुमार्गमा लगाउने ॥

२ उजुपतिपन्नो भगवतो सावक संघो—भगवान् बुद्धका शिष्यहरू, सीधा धर्म्मको मार्गमा जाने ॥ अर्थात् दान शील भावना, वा शील समाधि प्रज्ञा, जुन्सुकै धर्म्माचरण गरेता पनि तृष्णा र अभिमान (=ममता) दुइटालाई विनाशार्थ आचरण गर्नें ॥ कारण तृष्णा र ममता दुइटा द्वारा यो संसारमा जन्म भै नाना प्रकारका दुःख भोग गर्नु पर्नें रहेछ ॥

३ ञायपतिपन्नो भगवतो सावक संघो—भगवान् बुद्धका शिष्य भिक्षुगण, न्याय मुताबिक धर्म्माचरण गर्नें ॥ अर्थात् नियमानुसार धर्म्माचरण गर्नें ॥

४ सामीचि पतिपन्नो भगवतो सावक संघो—भगवान् बुद्धका शिष्य भिक्षुगण, श्रद्धा पूर्वक धर्म्मलाई ग्रहण गर्नें=उपमा, भोक लाग्ने व्यक्ति आहार ग्रहण गर्नें जस्तो संसार चक्रको दुःखले दाह भै रहेको हुनाले दुःख बाट मुक्त भै निर्वाण लाभ हुने धर्म्ममा खुबै श्रद्धा गरी धर्म्माचरण गर्नें ॥ निर्वाण भनेको–फेरी कैले पनी जन्म हुनु न पर्नें ॥

५ यदिदंचत्तारी पुरिस युगानी—यदि इनी चार जोड़ा पुरुष (=श्रोतापत्ति मार्ग-फल, सकृदागामी मार्ग-फल, अनागामी मार्ग-फल, अरहन्त मार्ग-फल)=(श्रोतापत्ति= यो जन्मदेखि सातौं जन्ममा निर्वाण लाभ गर्ने ॥ सकृदागामी फेरी एक फेर मात्र मनुष्य लोकमा जन्म भै निर्वाण लाभ गर्ने ॥ अनागामी= फेरी कैले पनि देव मनुष्य लोकमा जन्म ग्रहण नगरी सुद्धावास नामको ब्रह्म लोकमा गई त्यहीं बाट निर्वाण लाभ गर्ने ॥ अरहन्त=यही जन्ममा तृष्णा र ममतालाई जिति आर्को जन्म हुनु न पर्ने भई निर्वाण लाभ गर्ने ॥

माथि लेखिएका मार्ग-फल=गयेको मार्ग; पुगे पछि न फर्केको फल ॥ त्येस्तै श्रोतापत्ति हुनुको लागी आचरण गरेको मार्ग भन्दछ, आचरण गरी कन पूर्ण भयेकोलाई फल भन्दछ ॥ सकृदागामी, अनागामी, अरहन्त, मा मार्ग-फल पनि त्यै रकम भनि जान्नु ॥

क—अट्ठपुरिस पुग्गला—यही चार जोड़ामा आठ प्रकारका पुद्गलहरू जो छन् ॥

ख—एस भगवतो सावक संघो—उनीहरू नै भगवान् बुद्धका शिष्य भिक्षुहरू हुन् ॥

६ **आहुनेयो**—निमन्त्रणा गरी भोजनादि सत्कार गर्नु योग्य भै बक्सेको ॥

७ **पाहुनेयो**—अतिथि सत्कार गर्नु योग्य भै बक्सेको ॥

८ **दक्खिनेयो**—दानादि सत्कार गर्नु योग्य भै बक्सेको ॥

९ **अञ्जलीकरणीयो**—दश औंला जोडी नमस्कार गर्नु योग्य भै बक्सेको ॥

(क)--अनुत्तरं—यी आठ प्रकारदेखि बाहिर अर्को पक्का भिक्षुक छैन ॥

(ख)--पुण्यक्खेत्तं लोकस्साति—लोकजनहरूको पुण्य रोपनुलाई खेत जस्तो भै बक्सेको इत्यादि ॥

भनि यी नौ वटा गुण मनमा राखि भिक्षु संघको सेवा गर्नु र शिक्षा दिक्षा सिकी लिनु ।

प्रश्न—अरहन्तहरूको अनात्म्य भाव प्राप्त भयो भन्दछ, त्यो अनात्म्य भनेको अर्थ के हो बुझाई दिनु होस ॥

उत्तर—अनात्मा भनेको तृलक्षणको ज्ञान द्वारा बुझने छ ॥ यथाः—अनित्य, दुःख, अनात्मा ॥ यो संसारमा नित्य पदार्थ क्येईं पनि रहेनछ, सबै परिवर्तन स्वभावका मात्र छन् ॥

(संस्कृत)

धिक् योवनेन जड़या समभिद्रुतेन ॥
आरोग्य धिक् विविध व्याधि पराहतेन ॥
धिक् जीवनेन पुरुषो नचिरस्थितेन ॥
धिक् पण्डितस्य पुरुषस्य रति प्रसङ्गैं ॥

अर्थ—यौवन अवस्था पनि धिक्कारै हो, कारण पछि पछि बृद्ध अवस्था आइरहेको छ ॥ आरोग्य पनि धिक्कारै हो, कारण नाना प्रकारका रोगले दुःख दिने सम्भव छ ॥ यो जीवनलाई पनि धिक्कारै छ, कारण-एक दिन ता अवश्य मर्नु पर्ने रहेछ ॥ धिक्कार त्यो पण्डितलाई पनि यस्तो अनित्य, दुःख, आनात्माको ज्ञान भयेर पनि रति संग गर्ने ॥

अर्थात् यौवनावस्थादेखि बुढ़ो भै जाने, निरोगीलाई रोग हुने संभव छ ॥ जन्म भये पछि मर्नु पर्ने ॥ नया चिज-

बिजहरू पुरानो हुने ॥ बनायेको पदार्थ नाश हुने ॥ येई अनित्यले गर्दा दुःख भयेर आउने ॥ अनित्य न भै सब पदार्थ अध्यात्मिक वा बाह्य, सर्बदा नित्य भै रह्यो भने दुःख भनेको हुने होईन ॥ त्यो अध्यात्मिक वा बाह्य पदार्थहरू नित्य गर्नु मन लाग्ने, तर नित्य न हुने, नित्य न भयेको हुनाले दुःख हुने, दुःख कसैलाई पनि मन न पर्ने, तर दुःखै मात्र हुने, नित्य गर्नु मनलागेता पनि नित्य न हुने, त्यो पनि मेरो अधीनमा छैन ॥ दुःख न चाहिने भयेता पनि दुःख हुने, त्यो पनि मेरो अधीन छैन । यदि मेरो शरीर, मेरो धन भयेको भये मेरो अधीन किन न भयेको, तेस्कारणले, अनात्मा भन्दछ ॥ जस्ले यो तृलक्षण (=अनित्य, दुःख, अनात्मा) भाव प्राप्त गर्ला त्यो माया जाल बाट मुक्त भै 'अरहन्त' हुनेछ ॥

प्रश्न—चार वटा सत्यमा दुःख सत्य भनेको क्ये हो ? ॥

उत्तर—दुःख सत्य भनेको=जन्म हुनु दुःख, बृद्ध हुनु दुःख, रोगी हुनु दुःख, कालको हातमा पर्नु दुःख, मन परेको संग वियोग हुनु दुःख, मन न परेको संग संयोग हुनु दुःख, इच्छा गरेको बमोजिम् पूर्ण न भयेको दुःख, आखिरमा यो मन र शरीर भयेकै दुःखको मूल हो ॥

प्रश्न—दुःखको हेतु तृष्णा सत्य भनेको कस्तो हो ? ॥

उत्तर—पञ्चेन्द्रिय द्वारा सुखभोग गर्नु इच्छा भयेको तृष्णा, पछि जन्मको लागि तृष्णा, एकाग्र चित्तको आनन्द लाभ गर्नु इच्छा भयेको तृष्णा ॥

यो तृष्णाले जतातिर तान्यो उतातिर गैकन जन्म हुनु पर्ने, फेरि यो संसारमा तृष्णालेनै दुःख सागरमा डूबाई दिने भयेको हुनाले दुःखको हेतु तृष्णा सत्य हो भन्दछ ॥

प्रश्न—दुःखको निरोध (=निर्वाण) पनि सत्य छ, भन्छ निर्वाण भनेको के हो ? ॥

उत्तर—निर्वाण भनेको कस्तो भने, तृष्णाले गर्दा संसारमा जन्मनु पर्ने तृष्णाले गर्दा दुःख सागरमा पर्नु परेको मा तृष्णाको बिनाश भयो भने दुःख हुने छैन ॥ किन भने तृष्णा न भये पछि जन्म हुँदैन जन्मै न भयेपछि दुःख हुने छैन, यही तत्त्वलाई (निर्वाण) भन्दछ ॥

प्रश्न—त्यसो भये दुःख निरोधको उपाय के हो सो पनि राम्रो बुझिने गरि बताउनु होस् ॥

उत्तर—त्यसो भये शुद्धचित्त गरि मन लगाई कन सुन ॥ दुःख निरोधको उपाय त्यहि हो, धर्म्म चक्र सुत्रको मुताबिक ॥

पालि—सम्मादिट्ठि, सम्मासङ्कप्पो, सम्मावाचा, सम्माकम्मन्तो, सम्माआजीवो, सम्मावायामो, सम्मासति सम्मासमाधि ॥

प्रश्न—समादिट्ठि भनेको के हो ?

उत्तर —सम्यक् दृष्टि—चतुरार्य्य सत्यको ज्ञानमा यथार्थ गरी जान्नु ॥ यथाः— यो दुःख सत्यहो, यो दुःखको कारण तृष्णा सत्य हो , यो तृष्णा नभये पछि दुःखको निरोध हुने सत्य हो, यो दुःखको निरोध हुने उपाय सत्य हो भनि जान्नु ॥

सम्मासङ्कप्पो—सम्यक् संकल्प=अहिंसाको कल्पना मायाजाल वा तृष्णा जाल बाट निक्लने कल्पना गर्नु ॥

सम्मावाचा—सम्यक् बचन=झुठो न बोल्नु, मिलेका प्राणीहरूलाई, छुट्याउने कुरा न गर्नु, आर्काको मनमा दुखने कुरा न गर्नु, व्यर्थ कुरा न गर्नु, अर्थात् न ज्ञान पाउने, न पुण्य पाउने क्यै पनि काम न लाग्ने कुरा न गर्नु ॥

सम्मा कम्मन्तो—सम्यक् कर्मान्त=प्राणीलाई न मार्नु, नदियेको पदार्थ नलिनु, ब्रह्मचर्य्य पालन गर्नु ॥

सम्मा आजीवो—सम्यक् आजीवन्=पेट ॥ पाल्नुको लागी आर्काको चित्त न दुखाई कन जीवन पोषनु ॥

सम्मा वायामो—सम्यक् ब्यायाम्=गरिसकेको पाप-लाई क्षान्ति द्वारा पाप कटाउनुमा वीर्य्य (बल) गर्नु ॥ पछि हुने पापलाई न हुने उपायमा वीर्य्य गर्नु । अप्राप्त पुण्यलाई प्राप्त गर्नु को लागी वीर्य्य गर्नु ॥ प्राप्त भै सकेको पुण्यलाई बढ़ाउने उद्योगमा वीर्य्य गर्नु ॥

सम्मासति—सम्यक्स्मृति=स्मृति योगको काम पूर्ण गर्नु ॥ यथाः—कायामा कायाको ब्यवहारमा स्मृतियोग गर्नु ॥ अनुभवमा अनुभवको ब्यवहारमा स्मृतियोग गर्नु ॥ चित्तमा चित्तको ब्यवहारमा स्मृतियोग गर्नु ॥ बिषयमा बिषयको ब्यवहार मा स्मृतियोग गर्नु ॥

यो सम्यक्स्मृतिको कुरामा धेरै नै भयेको हुनाले संक्षेपले नाम मात्रै दियें, सबै जान्नुको लागी 'सतिपट्ठान' (=स्मृतिउपष्ठान) नामको कितापमा पाइन्छ ॥

सम्मासमाधि—सम्यक् समाधि=वितर्क, विचार, प्रीति, सुख एकाग्रतालाई प्राप्त गरि प्रथम ध्यानको लाभ गर्नु ॥ वितर्क त्याग भै, विचार प्रीति सुख एकाग्रताको प्राप्त भै द्वितीय ध्यान-को लाभ गर्नु ॥ वितर्क विचार, दुई वटाको त्याग भै प्रीती सुख एकाग्रताको प्राप्त भै तृतीय ध्यानको लाभ गर्नु ॥ वितर्क विचार प्रीति यी तिनवटाको त्याग भै, सुख एकाग्रताको प्राप्त गरि, चतुर्थ ध्यानको लाभ गर्नु ॥ चारै वटा त्याग भै केवल उपेक्षा एकाग्र मात्र प्राप्त गरि पञ्चम ध्यानको लाभ गर्नु ॥

यो सम्यक्समाधिको कुरा पनि यो यौटा क्षुद्र कुरामा लेखेर साध्य छैन तर अभिधर्म्ममा पाइनेछ ॥

मौका पाइयो भने सम्मक्स्मृतिको कुरा र सम्यक समाधिको कुरा पनि लेखि प्रचार गर्नु आशामा बसेको छु ॥

प्रश्न--**प्रत्युत्समुत्पाद**—संसार चक्रमा घुमाउने हेतु जो छ त्यो हेतुको कुरा के हो बुझाई दिनु होस् ॥

उत्तर—(पालि)= अविज्जा पच्चया-संखारा, संखारा पच्चया-विञ्ञाण, विञ्ञाण पच्चया-नामरूप, नामरूप पच्चया-सलायतन, सलातन पच्चया-फस्सो, फस्स पच्चया-वेदना, वेदना पच्चया-तण्हा, तण्हा पच्चया-उपादान, उपादान पच्चया-भव, भव पच्चया-जाति, जाति पच्चया-जरा, व्याधि, मरण, सोक, परिदेव, दुःख, दोमनस्स, उपायासा, एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो होति ॥

(अर्थ)=अविद्याको कारणले संस्कार हुन्छ, संस्कारको कारणले-विज्ञान, विज्ञानको कारणले-कायरमन, कायर मनको कारणले-षडेन्द्रिय, षड़ेन्द्रियको कारणले-स्पर्श, स्पर्शको कारणले-अनुभव, अनुभवको कारणले- तृष्णा, तृष्णाको कारणले-बानि, बानिको कारणले भव, भवको कारणले-जन्म, जन्मको कारणले-बुढ़ो हुनु, रोगी हुनु, मृत्यु प्राप्त हुनु, शोक गर्नु, रुनु पिटनु, कायिक दुःख भोग गर्नु, दौडमन हुनु, कष्ट पाउनु, यस्तो हिसाप्ले त्येस्लाई केवल दुखै मात्र हुने हेतु हुन्छ ॥

प्रश्न—तृलोक भनेको के हो ? ॥

उत्तर—२० भुवन ब्रह्मलोक १ ॥ ७ भुवन सुगतिलोक १ ॥ ४ भुवन दुर्गतिलोक १ ॥ यही तृलोक हो ॥

प्रश्न—दान, शील, भावना के हुन्, यो कुरा बुझाइ दिनु होस् ।

उत्तर—दान भनेको २ प्रकारको छ । यथा—भिक्षु, ब्राह्मण दरिद्रहरूलाई दिनु दान १ ॥ त्याग गर्नु दान १ ॥

शील=तृष्णाको धारालाई रोकनु र चित्तलाई परिशुद्ध गर्नु ॥

भावना=दान दिनु र शील पालन गर्नुको कारणमा विचार गर्नु । दान, शील इत्यादि धर्म्म गरेको फल पाउनुमा बिचार गर्नु । फेरी कुन हिसापले दान शीलादि धर्म्म गर्नु पर्ने त्येसमा पनि बिचार गर्नु ॥

प्रश्न—शील, समाधि, प्रज्ञाको कुरा पनि बुझाई दिनु होस् ॥

उत्तर–यस्मा शील भनेको मुख्य शुद्ध चित्त हो, समाधि भनेको चित्तलाई एकाग्र गर्नु ॥ प्रज्ञा भनेको—उत्पत्ति स्थिति, भङ्गलाई जान्नु ॥

प्रश्न—कस्को उत्पत्ति स्थिति भङ्ग भयेको जान्नु ?

उत्तर–शारीरिक उत्पत्ति, स्थिति, भङ्ग भयेको जान्नु र मनको उत्पत्ति, स्थिति, भङ्ग भयेको जान्नु ॥

प्रश्न—भगवान् बुद्धका शिष्य भिक्षुगण, लोक जन हरूको पुण्य रोपनुलाई खेत जस्तो भयेको मतलब बुझाई दिनु होस् ॥

उत्तर—भिक्षुगण देख्यो भने, तृरत्नको गुण सम्झने यस्को फल पनि पाउने ॥ भिक्षुगणलाई दान दियको फल पनि पाउने ॥ भिक्षुहरूको सेवामा बसि ज्ञान पायेको, यस्को फल पनि पाउने ॥ भिक्षुहरूको विहारमा गैकन शीलादि धर्म्माचरण गरेको फल पनि पाउने ॥ ज्ञान औ धर्म्मको प्रभावै, सुख पाउनु, रूप राम्रो हुनु, राजा हुनु, देवता हुनु, ब्रह्मा हुनु, निर्वाण पाउनु, यो फल सबै भिक्षुकहरूको संगतले र आफ्नु श्रद्धा बल बीर्य्यको प्रभाबले पाउने, भनि श्रीभगवान्‌को धर्म्म उपदेशानुसार लेखियेको छ ॥

KALIMPONG NEPALI
BUDDHIST INSTITUTE
FOUNDED BY KALIMPONG
Nepal. Buddhist Association,
Library/School/Tech sale Dept
No...... Dated.......... 193 242

नेपाली बौद्ध संघ

प्रेसिडेन्टः—

श्री साहु भाजुरत्न दायक,
कालिम्पोङ्ग ।

सेक्रेटरी—

एस० पी० उपासक, एम० आई० बी० सी०,
बौद्ध शिल्प विशारद ।

कोषाध्यक्षः—

पूर्णबीर साक्य ।